नेपाल सरकार

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

मिति २०८३।७।३०

सन्दर्भः २२ औं राष्ट्रिय कफी दिवस

२०८३ मंसिर १, काठमाडौं

प्रिय पत्रकार मित्रहरू,

नेपाली कृषि क्षेत्रको महत्वपूर्ण नगदे तथा उच्च मूल्ययुक्त बालीका रूपमा रहेको कफीको उत्पादन, प्रवर्द्धन, प्रशोधन, गुणस्तर अभिवृद्धि तथा बजारीकरणमा आबद्द सम्पूर्ण कफी उत्पादक किसान, स्टेट, उद्योग, विक्रेता, कफी उपभोक्ता र कफीलाई माया गर्ने सबै नेपालीहरूको राष्ट्रिय पर्वको रूपमा रहेको "राष्ट्रिय कफी दिवस" को २२ औं संस्करण यही मंसिर १ गते राष्ट्रिय चिया तथा कफी विकास बोर्डको आयोजनामा सञ्चालन हुन गइरहेको छ । कफीसँग सरोकार राख्ने सबैले आ-आफ्नो स्थानमा हर्सोल्लासका साथ मनाउने कफी दिवसको मूल समारोह राष्ट्रिय फलफूल बाली विकास केन्द्र, कीर्तिपुर, काठमाडौंमा मनाउने कार्यक्रम रहेको छ । २२ औं राष्ट्रिय कफी दिवसको अवसरमा निर्धारण गरिएको तपशिलको मूल नारा ५ वर्ष सम्म यथावत रहनेगरी कार्यान्वयन गर्न सम्बन्धित सबैमा अनुरोध छ।

"उत्पादनमा वृद्धि, गुणस्तरमा सुधार,
नेपाली कफीको विश्व बजारमा विस्तार"

पत्रकार मित्रहरू,

वि.सं. १९९५ साल देखि नेपालको मध्यपहाडी क्षेत्रमा पर्ने गुल्मि जिल्लाको आपचौर बाट सुरूवात भएको कफी खेतीको हाल नेपाल भरि करिब ४७ जिल्लाहरूमा उत्पादन क्षेत्र विस्तार हुँदै गएको छ। मात्रात्मक रूपमा कम उत्पादन भएता पनि उच्च स्वाद र गुणस्तरको हिसाबमा नेपाली कफीले विश्वका उत्कृष्ट कफीहरू संग समान स्तर बनाउन सफल भएको छ जसले गर्दा एकतर्फ स्वदेशी तथा विदेशी बजारमा नेपाली कफीको बढ्दो माग श्रृजना भएको छ भने अर्को तर्फ माग अनुसार उत्पादन वृद्धि नहुँदा विगत केही वर्षदेखि कफीको आयात निरन्तर बढिरहेको छ। त्यसैले कफीको बढ्दो माग बाट श्रृजित अवसरको सदुपयोग गर्ने उद्देश्यका साथ अब भने कफी खेतीलाई परम्परागत उत्पादन प्रणालीबाट आधुनिक, व्यावसायिक, प्रविधिमैत्री तथा दिगो कृषि प्रणालीमा रूपान्तरण गर्दै अगाडि बढ्नुपर्ने देखिन्छ।

आ.व. २०८२/८३ मा नेपालमा ७९० मे.टन ग्रीन बीन कफी उत्पादन भएको तथ्याङ्क प्राप्त भएको छ । यसै आ.व.मा भन्सार विभागको तथ्याङ्क अनुसार १९ करोड ४७ लाख बराबरको २५९ मे.टन कफी नेपालमा आयात हुँदा १४ करोड ४९ लाख रूपैयाँ बराबरको ७०.९ मे.टन मात्रै कफी निर्यात भएको छ । नेपाली कफीले अन्तराष्ट्रिय बजारमा स्वाद र गुणस्तरको हिसाबले अन्य राष्ट्रको भन्दा बढी मूल्य प्राप्त गर्दै आएको छ । देश भित्रै पनि कफीको माग बढ्दै गइरहेकाले एकातिर आन्तरिक माग पुर्तीका लागि कफीको रोपण तथा उत्पादन वृद्धिमा सबैको ध्यान पुग्न जरुरी छ भने अर्कोतिर आयातित कफीको नियमनमा पनि सबै सरकारी निकायहरूले भुमिका खेल्नुपर्ने देखिन्छ ।

कफी किसानहरुलाई संरक्षण र प्रोत्साहन गर्दै कफी क्षेत्रमा युवा पुस्ताहरुलाई स्वदेशमै रोजगारी तथा उद्यमशीलताका अवसर सिर्जना गरी सिमित क्षेत्रमा गरिदै आएको कफी खेतिलाई कफी स्टेटमा रुपान्तरण गर्न सकेमा मात्रै व्यवसायिक उत्पादन र आत्मनिर्भर बन्न सकिने तथ्यलाई बोर्डले प्रमुखताका साथ अगाडि बढाएको छ । २२ औं राष्ट्रिय कफी दिवस मनाईरहँदा कफी क्षेत्रमा व्यापक रुपान्तरणको लागि उत्पादन तथा उत्पादकत्व वृद्धि, गुणस्तर सुधार र प्रविधि विस्तार

कार्यक्रमहरु मार्फत ठूला व्यवसायिक फार्महरु स्थापनाका लागि लगानीकर्ताहरुलाई आकर्षित गर्न जरुरी छ । न्यून श्रोत साधनका बावजुत पनि आगामी आ.व.हरूमा व्यवसायिक कफी उत्पादन बढाउन बोर्डले प्रमुखताका साथ युवा लक्षित कार्यक्रमहरु संचालन गर्ने योजना बनाएको छ ।

केही वर्ष अघिदेखि बोर्डले व्यवसायिक उत्पादनको लागि सम्भावित प्रदेशहरुमा सम्भाव्यता अध्ययन गरि चक्लाबन्दीमा कफी क्षेत्र विस्तार, लोकमार्ग केन्द्रीत कफी डेमोन्स्ट्रेसन प्लट स्थापना, व्यवसायिक नर्सरी विरुवा उत्पादन तथा नार्कसंगको समन्वयमा अनुसन्धानात्मक प्रविधिको विकास कार्यक्रमलाई प्रमुखताका साथ अगाडी बढाएको छ । खासगरी बोर्डले तीनै तहका सरकारको बीचमा एकीकृत कार्यक्रमको अवधारणा अगाडि बढाउदै उत्पादन केन्द्रित कार्यक्रमहरु संचालन गर्न स्थानीय सरकारलाई प्राविधिक सहयोग उपलब्ध गराउने, व्यवसायिक फार्महरु विस्तार, प्रसोधन उद्योग स्थापना तथा प्रवर्द्धन कार्यहरुमा प्रदेश सरकारबाट कार्यक्रमहरु संचालन गर्ने र Good Manufacturing Practice र खाद्य स्वच्छतामा आधारित ठुला प्रसोधन उद्योग स्थापना, गुणस्तर व्यवस्थापन, बजारीकरण तथा नीतिगत कार्यहरुमा बोर्ड लगायत संघीय सरकारको भूमिका रहने गरि समन्वयात्मक कार्यक्रमहरु अगाडि बढाउन बोर्डले जोड दिँदै आएको छ । ७६ औं बोर्ड बैठकको निर्णयानुसार बोर्डले ऐन तथा नीतिलाई कफी मूल्य शृंखलामा काम गर्ने सबै तप्का र संघ/संस्थाहरुको भूमिका स्पष्ट हुने गरि समय सापेक्ष सुधार गर्न संसोधन प्रक्रिया अगाडि बढाएको छ ।


<u>पत्रकार मित्रहरू</u>


विगतका वर्षहरूमा कफी दिवसकै अवसर पारेर कच्चा कफीको मूल्य सार्वजनिक गरी कार्यान्वयनमा ल्याइदै आएको प्रसंग स्मरण गराउन चाहन्छु। यो पटक पनि २२ औं राष्ट्रिय कफी दिवसको अवसर पारेर २०८३ साल मंसिर १ गतेबाट लागु हुने गरी नेपाली कच्चा कफीको मूल्य सार्वजनिक गर्ने प्रयत्न गर्दागर्दै पनि केहि प्राविधिक र प्रक्रियागत विषयवस्तु टुंग्याउन बाँकी रहेको कारणले धेरै विलम्ब नगरीकन केहि दिन भित्रै यो विषय तपाईहरू मार्फत प्रस्तुत गरिने विषय जानकारी गराउँदछु।

<u>तथ्याङ्कमा कफी</u>

Fiscal Year	Plantation (ha)	Green bean Production (MT)	Export Qty (Kg)	Export Value (Rs. ,000)	Import Qty (Kg)	Import Value (Rs. ,000)
2070/71	1911	429.4	66,187	52,207	64,316	35,921
2071/72	2381	463.6	99,594	99,176	108,844	54,748
2072/73	2618	434	111,168	107,901	105,037	55,541
2073/74	2646	466	94,604	84,539	99,364	50,402
2074/75	2650	513	84,219	93,725	163,377	65,892
2075/76	2761	530	84,131	99,616	1,262,409	98,014
2076/77	1891	273	46,892	57,728	266,171	118,849
2077/078	3052	314.5	72,388	96,003	198,666	106,721
2078/079	3343	354.9	69,510	117,085	279,820	127,590
2079/080	3655	394.4	77,860	130,449	450,300	325,866
2080/081	4309	501.3	88,856	149,251	443000	419,800
2081/082	5501.1	641.9	63,998	114,370	203,326	144,120
2082/083	6166.6	790	70,989	144,957	259475	194717

Source: *NTCDB and Department of Customs*





सुरेन्द्र सुवेदी
कार्यकारी निर्देशक